नेपाल फाईनान्स लिमिटेडको
३३ औं बार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माईन्युट)

१. प्रारम्भिक:

नेपाल फाईनान्स लिमिटेडको मिति २०८२/०९/०७ गते बिहीबार (२२ डिसेम्बर, २०२५) मा बसेको संचालक समितिको ४०८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र नेपाल फाईनान्स लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम ३३ औं बार्षिक साधारणसभा २०८२ साल पौष २९ गते मंगलवार (१३ जनवरी, २०२६) हुने निर्णय भई मिति २०८२/०९/०८ गतेको अभियान राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी पुन: मिति २०८२/०९/२३ गतेका दिन न्युज २४ राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको ३३ औं बार्षिक साधारण सभा वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरि सु-सम्पन्न भयो ।

२. सभाको मिति, स्थान र समय:

मिति	: २०८२ साल पौष २९ गते (तदनुसार १३ जनवरी २०२६) मंगलबार ।
स्थान	: लिसारा रिसेप्सन, नक्साल, काठमाडौं ।
समय	: विहान ८:३० बजे ।

३. सभाको सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको ३३औं बार्षिक साधारण सभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने समग्र बार्षिक प्रतिवेदन एवं वित्तीय विवरण समेत शेयरधनीहरुले संस्थामा उपलब्ध गराएको ठेगाना (घर तथा इमेल) मा पठाइएको तथा संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुविधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.nepalfinance.com.np बाट पनि जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

४. छलफलको विषयहरु:

(क) साधारण प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणहरु (संलग्न अनुसूचीहरु सहित) छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८२/०८३ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एम.आर.यु. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

(ख) विशेष प्रस्तावः

१. संस्थाको नियमावली शंसोधन स्वीकृत गर्ने ।

२. संस्थाको नियमावली शंसोधन गर्न अनुमती लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगाएत आवश्यक शंसोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) विविध ।

५. सभामा उपस्थितिः

कम्पनीको ३३ औं साधारण सभामा शेयरधनी महानुभावहरु, संचालक समितिका पदाधिकारीहरु, लेखापरिक्षक, आमन्त्रित व्यक्तित्वहरु र व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

१.	प्रा.श्री हिरेन्द्रमान प्रधान	अध्यक्ष
२.	श्री दिप्रश शाक्य	सञ्चालक
३.	श्री राजन प्रजापती	सञ्चालक
४.	श्री बिकेश शाक्य	सञ्चालक
५.	श्री लक्ष्मी महर्जन	सञ्चालक
६.	श्री योगराज कंडेल शर्मा	सञ्चालक
७.	श्री पुरुषोत्तम प्रसाद पौड्याल	स्वतन्त्र सञ्चालक

Nepal Finance Limited NeFINSCO Corporate Office Kathmandu

५.२ आमन्त्रित व्यक्तित्वहरु:

१.	श्री रमन उप्रेती	एफसिए, एम.आर.यु एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स
२.	श्री रामकृष्ण लामिछाने	कानूनी सल्लाहकार
३.	श्री वासु थपलिया	प्रभु क्यापिटल लि.

५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति:

१.	प्रमुख कार्यकारी अधिकृत	श्री उध्दवराज थपलिया
२.	कम्पनी सचिव	श्री बिष्णुप्रसाद गौतम
३.	प्रवन्धक	श्री सागर प्रजापती
४.	नायब प्रवन्धक	श्री चन्द्रशेखर खड्का
५.	नायब प्रवन्धक	श्री मधु नेपाल

५.४ **शेयरधनीहरुको उपस्थिति:**

क. सं.	विवरण	संख्या
१	**स्वयम् उपस्थित हुने शेयरधनीको संख्या**	**१३२ जना**
२	**प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या**	**७३ जना**

जम्मा उपस्थित संख्या: २०५ जना

जम्मा उपस्थित कित्ता: ३९ लाख ६६ हजार ३ सय ५५ कित्ता

६. **गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप):**

विवरण	कुल संख्या	जम्मा उपस्थिति	कुल शेयरको प्रतिनिधित्व
शेयरधनी संख्या "क" र "ख" समूह	**१५,६९१ जना (फ्याक्सन कित्ता बाहेक)**	**२०५ जना**	**५१.१४%**
शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता	**शेयर कित्ता: ७७,५६,४६६.३४**	**शेयर कित्ता: ३९,६६,३५५**	

७. **सभाको वैधानिकता तथा आसन ग्रहण:**

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम वार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा उल्लेख

भएका शेयरधनीहरुमध्ये स्वयम् उपस्थित शेयरधनीको संख्या १३२ जना र प्रतिनिधि (प्रोक्सी) मार्फत ७३ जना गरी कुल २०५ जना शेयरधनीको ३९,६६,३५५ कित्ता बराबरको उपस्थिती रहको र उक्त उपस्थिति कुल शेयर कित्ता ७७,५६,४६६.३४ को ५१.१४ प्रतिशत रहेकोले संस्थाको कम्पनी सचिवबाट साधारण सभा संचालनको लागि गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार भएको सभा वैधानिक भएको जानकारी गराई सभा वैधानिक भएको व्यहोरा समथर्नका लागि अनुरोध गरे पश्चात् सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा वैधानिक भएको घोषणा गर्दै सभा अगाडी बढाउन अनुमती प्राप्त भयो ।

७.२ सभाको वैधानिकता पश्चात् कम्पनी सचिवबाट सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु एवम् अतिथिज्यूहरुलाई स्वागत अभिवादन गर्नुभयो । आसन ग्रहणको क्रममा संस्थाका संचालक समितिका अध्यक्षज्यू एवम् संचालकज्यूहरु र संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यूलाई मन्चमा आसन ग्रहणको लागि अनुरोध गर्नुभयो । साथै उपस्थित शेयरधनी महानुभावहरु, विभिन्न संस्थाबाट पाल्नु भएका आमन्त्रित महानुभावहरु, लेखापरिक्षक, कानूनी सल्लाहकार, विभिन्न संचारक्षेत्रबाट उपस्थित पत्रकारहरु लगाएत उपस्थित कर्मचारीहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहणको लागि अनुरोध गर्नुभयो ।

८. सभाको अध्यक्षता र सभा संचालन:

कम्पनी ऐन २०६३ को दफा ७४ (१) एवम् वित्तीय संस्थाको नियमावलीको नियम ६ (१) मा रहेको व्यवस्था बमोजिम यस सभाको अध्यक्षता सन्चालक समितिका अध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधानज्यू बाट भयो । सो पश्चात् संस्थाको ३३औं बार्षिक साधारणसभा शुरु गर्न कम्पनी सचिवलाई अध्यक्षज्यूबाट निर्देशन भयो ।

९. राष्ट्रिय गान:

औपचारिक कार्यक्रम शुरु हुनुभन्दा अगाडी राष्ट्रिय गानको धुन बजाउने परम्परा अनुसार संस्थाको ३३औं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले सामूहिक राष्ट्रिय गानको लागि आह्वान गर्नुभएपश्चात् सभामा उपस्थित सम्पूर्ण महानुभावहरुले आ-आफ्नो स्थानमा उभिएर राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

१०. सभाको शुभारम्भ:

संस्थाको ३३औं बार्षिक साधारण सभाको शुभारम्भ यस सभाका सभाध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधानज्यूले पानसमा दीप प्रज्वलन गरी गर्नुभयो ।

११. स्वागत मन्तब्य:

- संस्थाको तर्फबाट ३३औं बार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु एवम् अतिथिज्यूहरुलाई प्रमुख कार्यकारी अधिकृत श्री उद्धवराज थपलियाज्यूले स्वागत गर्दै संस्थाका काम

कारबाही तथा हालसम्मको वित्तीय अवस्था एवम् संस्थाले प्रदान गरिरहेको सेवा, सुविधाहरुको बारेमा सभा समक्ष संक्षिप्त जानकारी गराउनु भयो ।

१२. संचालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुतिः

१२.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०८१/०८२ को सञ्चालक समितिको तर्फबाट तयार पारिएको समग्र वार्षिक प्रगति प्रतिवेदन अध्यक्षज्यूबाट साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१२.२ त्यसैगरी सभापतिज्यूको अनुमतिले कम्पनी सचिवले सभा समक्ष छलफल तथा निर्णयका लागि तयार पारि सूचना गरिएका साधारण तथा विशेष प्रस्तावहरुलाई छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो, साथै विविध अन्तर्गत छलफल तथा पारितका लागि कुनैपनि प्रस्तावहरु नरहेको समेत जानकारी गराउनु भयो ।

१३. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरुः

१३.१ साधारण सभामा निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप वार्षिक साधारण सभामा प्रस्तुत भएका साधारण र विशेष प्रस्ताव बारे छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

१३.२ छलफलमा सहभागी भई सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री शत्रुघन श्रेष्ठ
२. श्री अमिरदास रन्जित
३. श्री सुदिप श्रेष्ठ
४. श्री ब्रह्मदेव शाक्य
५. श्री राम गोपाल महर्जन
६. श्री बैजुनाथ रौनियार
७. श्री राजकाजि रन्जित
८. श्री मनोज कुमार जोशी
९. श्री विष्णु प्रसाद पोखरेल

१३.३ छलफलको लागि लिखित मन्तब्य माध्यमबाट सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री चन्द्र नारायण श्रेष्ठ
२. श्री नरसिंहलाल चंखु

३. श्री जगन्नाथ आचार्य
४. श्री भेषराज भण्डारी
५. श्री निरुपमा गुप्ता
६. श्री डमरुवल्लभ घिमिरे
७. श्री लक्ष्मण ब. श्रेष्ठ
८. प्रा. डा. रामजी प्रसाद पंडित

१४. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण:

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो ।

(क) सर्वसाधारण शेयरधनी श्री शत्रुघन श्रेष्ठ

समयमै साधारण सभा गर्न सफल भएकोमा बधाई तथा धन्यबाद । संस्थाको हकप्रद शेयर हालसम्म पनि किन बिक्री हुन सकेको छैन, साथै यस्तो परिस्थितिमा बैठकभत्ता पुनरावलोकन नगरेको भए हुने थियो तर सो बारेमा सभाले छलफल गरेर आवश्यक निर्णय लिने छ ।

(ख) सर्वसाधारण शेयरधनी श्री अमिरदास रंजित

समयमै साधारण सभा गर्न सफल भएकोमा संचालक ज्यु, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापन टिमलाई बधाई तथा धन्यबाद दिन चाहन्छु । निक्षेपमा राम्रो बृद्धि रहेको र सो को तुलनामा कर्जा लगानीमा बृद्धि नरहेकोले ब्याज आम्दानी घट्ने भएकोले सो तर्फ ध्यान दिनुहुन । संस्थाको खराव कर्जा बढ्ने हो की ? खराव कर्जा कति छ ? अन्त्यमा, सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

(ग) सर्वसाधारण शेयरधनी श्री सुदिप श्रेष्ठ

संस्थाले गत आ.व.मा कर्जा र निक्षेपमा प्रतिकुल समयको बावजुद पनि उल्लेख्य वृद्धि गर्न सफल भएकोमा धन्यबाद दिन चाहन्छु । खराब कर्जा घट्दै गईरहेको भएतापनि तोकिएको सीमाभन्दा बढी रहेकोले असुलीको लागि थप प्रयास गर्नुहुनेछ भन्ने आशा गरेको छु । निक्षेपमा राम्रो बृद्धि रहेकोले कर्जा विस्तार आवश्यक रहेको ।

(घ) सर्वसाधारण शेयरधनी श्री ब्रह्मदेव शाक्य

नियमावली संशोधन प्रस्तावमा मेरो सहमति छ । Merger/Acquisition मा जान आवश्यक देखिदैन, साथै उक्त प्रस्तावलाई प्रष्ट पार्नुहुन । कर्जाको मुद्धाको विषयमा के कसो छ, प्रष्ट पार्नुहुन । अन्त्यमा, सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu

(ङ) सर्वसाधारण शेयरधनी श्री रामगोपाल महर्जन

समय सापेक्ष व्यवसायमा बृद्धि नभएको हो की? शेयरधनीलाई प्रतिफल नै चाहिन्छ, तसर्थ प्रतिफल दिनेगरी कार्य गर्नुहुन । नियमावली संशोधन प्रस्तावमा मेरो सहमति छ ।

(च) सर्वसाधारण शेयरधनी श्री बैजुनाथ रौनियार

खराब कर्जा बढी छ, त्यसलाई व्यवस्थापन गर्नुपर्ने । Networth १३४ रहेको छ, यो राम्रो छ । संस्थागत सुशासनलाई विशेष ध्यान दिनका लागि अनुरोध छ । अन्त्यमा, सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

(छ) सर्वसाधारण शेयरधनी श्री राजकाजि रंजित

मर्जरमा नजानका लागि अनुरोध गर्दछु । साधारण सभा असोज-कार्तिक भित्रै सम्पन्न गर्नका लागि अनुरोध गर्दछु । अन्त्यमा, सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

(ज) संस्थापक शेयरधनी श्री मनोज कुमार जोशी

संस्था सुधारका लागि तपाईहरुसंगै सहकार्य गर्न तयार छौं । अन्य शेयरधनीहरुको समेत सुझाव तथा गुनासोहरुलाई सम्बोधन गर्नुपर्ने कुरामा जोड दिन चाहन्छु । अन्त्यमा, सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

(झ) संस्थापक शेयरधनी श्री बिष्णु प्रसाद पोखरेल

पूर्ववक्ता एकजना साथीले नाफा वितरण नगरेको संस्थाको बैठकभत्ता नबढाउने खालको कुरा राख्नुभयो, तर त्यो विषय जिम्मेवारी, संस्था सुधारको चरण र कार्यको आधारमा दिनुपर्छ, तसर्थ सो बारेमा धेरै वहस गरिराख्नुपर्छ जस्तो मलाई लाग्दैन । आगामी बर्षको कार्यहरुमा संस्थाको रणनीतिक योजना तर्जुमा बाहेक अन्य नयाँपन देखिएन । यस संस्थाले अर्को संस्थालाई प्राप्ति गरेको र उक्त संस्थाका मान्छेहरु समेत यो संस्थामा छन् तसर्थ सबैसंग सहकार्य होस् भन्ने हामी चाहन्छौं । साथै, लगानीमा प्रतिफल दिनुपर्नेमा जोड दिनुहुन । अन्त्यमा, सभाको सफलताको शुभकामना दिन चाहन्छु ।

१४.१ छलफलको क्रममा शेयरधनी महानुभावले स्वयम् आफै उपस्थित एवम् ईमेलको माध्यमबाट पेश गर्नुभएको लिखित मन्तब्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

(क) सर्वसाधारण शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ

फाईनान्सले पौष मसान्तभित्रै साधारण सभा सम्पन्न गर्न लागेकोमा धेरै धन्यबाद व्यक्त गर्दछु । देशको विषम परिस्थितिमा पनि यस फाईनान्सले कारोवार बढाउन सकेको छ । Retained Earning र ROE बढाउने गरी कार्य गर्नुहुनको लागि सुझाव दिन चाहन्छु । अन्त्यमा, शुभकामना सहित यो लिखित मन्तब्य संस्थाको निर्णय पुस्तिकामा अभिलेख गरिदिनुहुन अनुरोध गर्दछु ।

Nepal Finance Limited Corporate Office Kathmandu

(ख) सर्वसाधारण शेयरधनी श्री नरसिंहलाल चंखु

१. Annual Report को Performance र Balance Sheet को activities satisfactory मान्नुपर्छ ।

२. कम्पनीको Key Performance Indicators, Strengths and Achievements मा सन्तोषजनक सुधार भईरहेको छ ।

३. कम्पनीको Future Outlook, Objectives, Code of Conduct, Ethical Principles, Customer Treatment, Information Handling, Business Conduct मा सफल देखिन्छ ।

४. Risk Management Frame, Risk Governance Structure, Risk Identification & Assessment, Risk Mitigation and Control measures, Monitoring & Reporting र Internal Control Framework जस्ता नीतिगत विधामा कम्पनी अडिग र व्यवहारिक छ ।

यी सबै हुदाँहुदैपनि कम्पनी अहिलेको विद्यमान Political एवम् Event Risk बाट सचेत, सजग र चनाखो भई कार्यसम्पादन गर्नको लागि मेरो सुझाव छ । किनकी यसले कर्जा असुल हुन नसक्ने जोखिम बढाउन सक्छ । संस्थामा कार्यरत शाखा प्रमुख र विभागीय प्रमुखहरु कर्तव्यनिष्ठ एवम् जिम्मेवार भएर कार्यप्रति उत्तरदायी हुनुपर्छ । कम्पनीले नाफा वितरण गर्नसक्ने वातावतरणको श्रृजना गर्दै जानेगरी कार्य गर्नुहुनको लागि सुझाव दिदैं कम्पनीको साधारण सभाको सफलताको शुभकामना सहित अन्तमा, संस्थाको उन्नति र प्रगतीका कामना गर्दछु साथै यस सभामा प्रस्तुत गरिएका साधारण तथा विशेष प्रस्तावहरुमा मेरो समर्थन रहेको अवगत गर्दछु ।

धन्यवाद ।

(ग) सर्वसाधारण शेयरधनी श्री जगन्नाथ आचार्य

सर्वप्रथम साधारण सभामा उपस्थित भई सर्वसाधारण शेयरधनीको हैसियतले केही विचार राख्ने अवसर दिनुभएकोमा खुशी व्यक्त गर्दछु ।

१. शेयरधनीहरुलाई लाभांश वितरण नरहेकोले दुःखी हुन पुगेका छौं ।

२. समिक्षा वर्षमा Differed Tax को कारणले नाफामा कमी हुन पुगेको देखिन्छ, अन्य सूचकांकको सम्वन्धमा अध्यक्षज्यूको प्रतिवेदनमा नै उल्लेख भएकोले थप व्याख्या गर्न आवश्यक देखिएन ।

३. Merger/Acquisition को बारेमा नसोच्दा नै राम्रो हुन्छ । तर बाध्यतावश गर्नुपरेमा राम्रो संस्था हेरेर, सबै विषयहरु पहिले नै निक्यौल गरेरमात्र गर्नुहुन सुझाव दिन चाहन्छु ।

४. असल धितोमा मात्र कर्जा प्रवाह गर्ने तथा ऋण असुलीमा जोड दिनुपर्ने देखिन्छ, जसवाट निष्कृय कर्जाको दरलाई धटाउन सकिन्छ, साथै ऋण असुलीमा खटिने कर्मचारीलाई विशेष सुविधा सहित सुरक्षाको प्रत्याभूती गराउनुपर्दछ, ताकी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा जस्तो घट्नाहरु घट्न सक्छ, त्यसतर्फ ध्यान दिनुहोला ।

अन्त्यमा, ३३औं वार्षिक साधारण सभा सभ्य र भव्य रुपमा सफल होस् भन्ने अपेक्षा राख्दै विदा लिन्छु जय नेपाल फाईनान्स लि.।

Nepal Finance Limited Corporate Office Kathmandu

(घ) सर्वसाधारण शेयरधनी श्री भेषराज भण्डारी

सर्वप्रथम साधारण सभामा उपस्थित सबै जनामा म भेषराज भण्डारीको नमस्कार ।

१. बिशेष प्रस्तावको ३ नम्वरको हकमा विगतको अनुभवमा कर्मचारी मिलान, पदस्थापन जस्ता विषय चुनौति देखिएकोले मर्जर गरेतापनि संस्थाको नाम, कर्मचारी पद मिलान र पदस्थापन जस्ता विषयमा सबै निक्यौल गरेर मात्र मर्जर प्रक्रियामा जानु हुन आग्रह गर्दछु ।

२. शेयरधनीहरुलाई यस सभामा पनि लाभांश नरहेकोले आगामी बर्ष न्युनत्तम डबल डिजिटमा लाभांस सहित समयमै साधारण सभा बोलाउन आग्रह गर्दछु ।

३. हालसम्मको वित्तीय विवरण हेर्दा वितरणयोग्य नाफामा गिरावट आएको पाईएकोले आगामी वर्ष उत्कृष्ट कार्य योजनाका साथ कार्यगर्न ध्यानाकर्षण गर्दछु ।

४. लेखापरिक्षक नियुक्ति गर्दा नै समयमै लेखापरिक्षण सम्पन्न गर्नेगरी सम्झौता गरेर मात्र गर्नुहुन ताकी आगामी साधारण सभा समयमै सम्पन्न गर्न सकियोस ।

अन्य विवरणहरु अध्यक्षज्युको प्रतिवेदनमा नै विस्तृत रहेकोले थप समय लिन चाहन्न, साधारण सभा भव्य रुपमा सफल होस् भन्दै सबै प्रस्तावहरुमा सहमती जनाउदै आफ्नो सुझाव यही अन्त्य गर्दछु ।

धन्यबाद ।

(ङ) सर्वसाधारण शेयरधनी श्री निरुपमा गुप्ता

सर्वप्रथम साधारण सभामा उपस्थित सबैमा मेरो नमस्कार ।

१. साधारण सभा पौष अगावै गर्नतर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

२. शेयरधनीहरुलाई दोहोरो अंकको लाभांश वितरण होवोस् भन्ने अपेक्षा राख्दछु ।

३. समय सापेक्ष र व्यवसायको बृद्धिसंगै खर्च बढ्नु स्वभाविक हो, तरपनि खर्चमा मितव्ययिता अपनाउनु हुन अनुरोध गर्दछु ।

४. संस्थागत सामाजिक उत्तरदायित्वको रकम निर्धन र असक्तलाई शिक्षामा लगानी गर्न आग्रह गर्दछु ।

५. आगामी बर्ष संस्थालाई प्रगतीपथ तर्फ डोर्याउन एवम् सबल र उत्कृष्टता तर्फ उन्मुख गर्न यहाँको रणनीति र लगानीका नीति के कस्तो रहेको छ ।

६. अन्त्यमा, सबै प्रस्तावहरुमा मेरो समर्थन रहेको जानकारी गराउदै संस्थाको उत्तरोत्तर प्रगतीको कामना सहित मेरो मन्तव्यलाई बिराम दिन्छु, धन्यबाद, नमस्कार ।

(च) सर्वसाधारण शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ

सर्वप्रथम समय र वक्तालाई मध्यनजर राख्दै यो लिखित नोट प्रस्तुत गर्दछु ।

कम्पनीले बार्षिक साधारण सभा समयमै सम्पन्न गर्नुभएकोमा संचालक र व्यवस्थापनलाई धन्यबाद दिन चाहन्छु । साथै, आगामी आ. ब. देखि प्रथम त्रैमासिक अवधिमा साधारण सभा गर्न आग्रह गर्दछु । आगामी बर्षदेखि प्रतिफल दिनेमा आशावादी छु । साथै, जेनजी आन्दोलनले संस्थामा के कति प्रभाव पुर्याएको छ, सभामा जानकारी दिनुहुन अनुरोध छ ।

कम्पनीलाई आजको दिनसम्म ल्याउन काम गर्ने कर्मचारीप्रति आभार प्रकट गर्दै साधारण सभामा पेश हुने सबै प्रस्तावहरुमा मेरो पूर्ण समर्थन जनाउदै बार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu

(छ) **सर्वसाधारण शेयरधनी प्रा. डा. रामजी प्रसाद पण्डित**

सर्वप्रथम मलाई यो लिखित नोट प्रस्तुत गर्न दिनु भएकोमा धन्यवाद ।

१. संस्थाको हालसम्म नाफा वितरण नगरेको भएतापनि हालको अवस्था र कारोवारलाई हेर्दा आगामी बर्षमा पक्कै नाफा वितरण गर्न सक्षम हुनेछ ।

२. थप शाखा खोल्नतर्फ हतार नगर्नुहुन अनुरोध गर्दछु ।

३. संस्थाको मजबुतीको आधार मर्जर होईन, साथै नेपालमा मर्जरको राम्रो अनुभुती भएको पाईदैन, त्यसैले मर्जर नगर्नको लागि सुझाव दिन चाहन्छु ।

४. संस्थाको प्रगतीको लागि संस्थाका अध्यक्ष, संचालक र व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु, साथै आजका प्रस्तावहरुमध्ये मर्जर बाहेकका सबै प्रस्तावहरुमा मेरो पूर्ण समर्थन छ ।

(ज) **सर्वसाधारण शेयरधनी श्री डमरुबल्लभ घिमिरे**

सर्वप्रथम पौष मसान्तको समयलाई मध्यनजर राख्दै बिहानै साधारण सभा राख्नुभएकोमा धन्यवाद । देशको विषम परिस्थितिका बावजुद पनि आफूलाई प्रतिस्पर्धात्मक रुपमा अगाडी बढाउदै खराब कर्जालाई घटाउदै ल्याएर ३३ औं बार्षिक साधारण सभा सचालन गर्न गईरहेको परिवेशमा संस्थाका संचालक, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापन टिमलाई धन्यवाद र बधाई दिन चाहन्छु । साथै, संस्थाको निरन्तर प्रगतिको कामना गर्दै आगामी वर्ष अलि चाडै साधारण सभा गर्न सुझाव दिन चाहन्छु ।

(झ) **सर्वसाधारण शेयरधनी श्री उत्सब सुन्दर श्रेष्ठ**

सर्वप्रथम सबैलाई नमस्कार, साधारण सभा अलि बिहानै भयो, आगामी बर्ष अलि ढिला संचालन गर्नको लागि सुझाव दिन चाहन्छु । साथै, नाफा वितरण नगर्ने संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम पनि खर्च नगरे राम्रो हुन्थ्यो भन्ने सुझाव छ ।

१५. **छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफ:**

छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, धारणा, मन्तव्य तथा प्रश्नहरुको जवाफ सभाका सभापति प्रा.श्री हिरेन्द्रमान प्रधान स्वयम्ले तथा उहाँको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री उध्दवराज थपलियाज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

(क) **अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान:**

- छलफलका कममा आफ्नो अमुल्य सल्लाह एवम् सुझावहरुका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामी दिनहरुमा समेत यस्तै सुझाव तथा मार्गदर्शनहरु निरन्तर प्राप्त भइरहने आशा व्यक्त गर्दछु । साथै संस्था यहाँहरुको सुझावलाई सदैव स्वागत गर्दछ र साधारण सभामा मात्र नभई अन्य समयमा समेत यहाँहरुको सुझाव संस्थालाई प्राप्त होस् भन्ने अपेक्षा गर्दछौं ।
- संस्थाको हकप्रद शेयर बिक्री नहुनुमा केही संस्थापकहरुबाट हकप्रद शेयर राख्नको लागि कानूनी रुपमा अयोग्य रहेको कारणले बिक्री हुन नसकेको जानकारी गराउन चाहन्छु, तथापी बोलकबोलको प्रक्रियाबाट बिक्री गर्नको लागि नितीगत व्यवस्था अनुरुप प्रक्रिया गरिरहेको र

वित्तीय अवस्था आदिको कारणले सबै हकप्रद शेयर बिक्री हुन नसकेको जानकारी गराउँदै यहाँहरु समेतबाट आफै वा आफ्नो सम्बन्धमा रहेका व्यक्तिहरुलाई संस्थापक शेयर खरिद गर्नका लागि समेत यसै सभा मार्फत आह्वान गर्दछु ।

- संस्थाले संस्थागत सुशासन र नीतिगत काम कारबाहीको सम्बन्धमा शुन्य सहनशिलता अपनाई कार्य गरेको र नयाँ संचालक समिति संस्थागत सुशासनमा कटिवद्ध रहेको व्यहोरा म यो सम्मानित सभामा राख्न चाहन्छु ।
- यहाँहरुले भने जस्तै working together and grow together को सिद्धान्त अवलम्वन गरेर सबैलाई साथ लिएर नै अगाडी बढ्नेछौं, यहाँहरुले भनेजस्तै अन्य शेयर सदस्यहरुलाई समेत साथै लिएर जानेमा कुनै दुविधा र यहाँहरुको सुझावलाई मार्गदर्शनको रुपमा ग्रहण गर्नेमा अहिलेको संचालक समिति तयार छ र यस विषयमा हामी संवाद गर्न सदैव तयार छौं, म अनुरोध गर्न चाहन्छु ।
- लाभांसको सम्वन्धमा संस्थाको Retained Earnings पुरै नघटेसम्म लाभांस दिन नमिल्ने नीतिगत व्यवस्थाले गर्दा दिन नसकेको, साथै संस्थाको खराब कर्जाको मुद्दा र गैर बैंकिंग सम्पत्तिको बिक्रीमा देखापरेको समस्याले गर्दा समेत संस्थाको नोक्सानीलाई घटाउन नसकिएको र हालको परिस्थितिमा संस्थालाई अहिलेकै स्थितिमा जोगाई राख्नुपनि गाह्रो परिरहेको यथार्थतालाई समेत म यहाँहरु समक्ष राख्न चाहन्छु ।
- मर्जर र प्राप्ती सम्बन्धमा संस्थाले कुनैपनि संस्थासंग मर्जरमा जानेगरी कुनै ठोस संवाद र प्रकृयामा नरहेको तर त्यस्तो कुनै परिस्थिति आईपरेमा बिशेष साधारण सभा पूर्व नै केही प्रकृयाहरु अगाडी बढाउन सकिनेगरी प्रस्ताव मात्र ल्याएको व्यहोरा म यस सभालाई जानकारी गराउन चाहन्छु । साथै मर्जर वा प्राप्तिको निर्णय गर्नुभन्दा अगाडी यहाँहरुबाट प्राप्त सुझावहरुलाई कायान्वयन गर्नेगरी मात्र निर्णय वा सम्झौता गर्ने गरीमात्र अगाडी बढिने छ, भनी म विश्वस्त पार्न चाहन्छु ।
- प्रतिवेदनका बारेमा यहाँहरुबाट व्यक्त भएका सुझाव र सल्लाहलाई आत्मसात गर्दै यस्तै सकारात्मक सल्लाहको निरन्तरता अपेक्षा सहित धन्यवाद तथा आभार प्रकट गर्दछु । साथै, व्यवसाय र वित्तीय विवरणहरुको बारेमा यहाँ उठान भएका जिज्ञासाहरुलाई संस्थाको प्रमुख कार्यकारी अधिकृतज्यूबाट यहाँहरुलाई प्रष्ट पार्नुहुनेछ भन्दै मेरो भनाई यही अन्त्य गर्दछु ।

(ख) **प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलिया:**

- सर्वप्रथम यहाँहरुबाट प्राप्त भएका सकारात्मक सुझाव र सल्लाहका लागि हार्दिक आभार व्यक्त गर्दछु ।
- यहाँहरु सबै जनाबाट निष्क्रिय कर्जा घटाउन र कर्जा व्यवस्थापनको बारेमा जिज्ञासा राख्नु भएको छ । जसलाई मैले एकदमै सकारात्मक रुपमा लिएको छु । कर्जा खराब नहोस् भन्ने हेतुले संस्थाले साना साना कर्जा लगानीलाई प्रोत्साहन गर्ने गरेको जानकारी गराउन चाहन्छु । साथै, असल धितोमा मात्र कर्जा प्रवाह गरिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

- चुक्ता पूजीं पुरयाउनको लागि पहल गर्नुपर्‍यो अनी योजना के छ भन्नुभएको छ, सो का सम्वन्धमा हामीले धितोपत्र दर्ता तथा निष्काशन नियमावली र नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था अनुसार लिलाम बिक्रीबाट विक्री गर्नको लागि सार्वजनिक सूचना प्रकाशित गरिरहेको र हरेक पटक केही रकमको बिक्री समेत भईरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । अब हामीलाई करिब रु.२.५० करोड भयो भने न्युनत्तम चुक्ता पूजीं रु.८० करोड पुरा हुने शेयर सदस्यज्युहरुबाट हकप्रद शेयरको लागि calls in advance मा जम्मा गर्नुभएको रकमलाई प्रक्रिया पुर्‍याएर शेयरमा ट्रान्सफर गर्नको लागि समेत पहल भईरहेको र यहाँहरुबाट समेत चुक्ता पूजीं पुर्‍याउनको लागि अध्यक्षज्युले भन्नुभएको जस्तो सक्दो सहयोगको लागि समेत अनुरोध गर्दछु ।
- सम्मानित सर्वोच्च अदालतमा विचाराधीन मुद्दा २०८२ श्रावणमा संस्थाको पक्षमा फैसला भएको र संस्थाले कर्जा असुलीको प्रकृया अपनाउँदाकै क्रममा पुन: जग्गाधनीबाट अंश मुद्धा दायर भएकोले उक्त कर्जा मुद्धाकै क्रममा रहेको वाहेक अन्यको हकमा समेत आपसी समझदारीमा असुल उपर गर्नेगरी प्रक्रिया अगाडी बढाईरहेको जानकारी गराउन चाहन्छु । साथै कर्जा असुलीमा प्रत्यक्ष कार्य गर्नको लागि विभागीय जिम्मेवारीमा कर्मचारीको व्यवस्थापन गरिएको र तहाँ कार्यरत कर्मचारीको सुविधा र सुरक्षाको सक्दो प्रवन्ध मिलाईएको व्यहोरासमेत जानकारी गराउन चाहन्छु ।
- यहाँहरुले आगामी बर्ष मुनाफा वितरण गर्न सकोस भनी शुभेक्षा राख्नु भएकोमा व्यवस्थापनले सो का लागि प्रयास गरिरहेको म यहाँहरुलाई जानकारी गराउन चाहन्छु । तथापी संचित नोक्सानी रहेसम्म नाफा वितरण गर्न नसकिने र खराव कर्जा असुली नभएसम्म संचिति नोक्सानी हटाउन कठिनाई भएको जानकारी गराउन चाहन्छु यदी मुद्दाको फैसला भई कर्जा असुल उपरको कार्य सकिएको खण्डमा चालु आगामी आ. ब. देखि लाभांश वितरण गर्न सकिने समेत जानकारी गराउन चाहन्छु ।
- यहाँहरुले दिनु भएको सुझाव जस्तै संस्थाले नयाँ व्यवसाय बृद्धिको संभावना कम देखेकोले नै विगत २ बर्षदेखि शाखा कार्यालय नखोलेको र परिस्थितिमा सुधार नआएसम्म थप शाखा नखोल्ने कुरामा म विश्वास दिलाउन चाहन्छु ।
- साधारण सभा समयमै सम्पन्न गर्ने साथै लेखापरिक्षण नियुक्ति गर्दा नै कार्य सम्पादनको सम्झौता गरी समयमै लेखापरिक्षण सम्पन्न गर्नको लागि प्राप्त सुझावलाई यथासम्भव कार्यान्वयनमा ल्याउने गरी कार्य अगाडी बढाईने व्यहोरा अनुरोध छ ।
- संस्थागत सामाजिक उत्तरदायित्वको विषयमा नीतिगत व्यवस्था अनुरुप नै गर्नुपर्ने हुन्छ, र सोही अनुरुप तोकिएको क्षेत्रहरुमा मात्र खर्च गरिएको व्यहोरा म जानकारी गराउन चाहन्छु ।
- अन्त्यमा, यहाँहरुले गर्नुभएको विश्वास, व्यवस्थापनलाई दिनु भएको शुभेच्छा प्रति व्यवस्थापन प्रमुखको हैसियतले हार्दिक आभार व्यक्त गर्दै उक्त शुभेच्छालाई आत्मसात गर्दै आगामी दिनहरुमा संस्थाको दिगो विकासको लागि कार्य गर्दै जाने प्रतिवद्धता समेत व्यक्त गर्दछु । साथै यहाँहरुबाट सदैव साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा समेत गर्दछु ।

शेयरधनी महानुभावहरुबाट छलफलको क्रममा राख्नु भएका जिज्ञासा, मन्तव्य तथा सुझावहरुको समाधान पश्चात् कम्पनी सचिवबाट प्रस्तावित प्रस्तावहरु क्रमशः पारित गरि निर्णय गर्नेतर्फ सबैको ध्यानाकर्षणको लागि अनुरोध भयो ।

१६. **३३ औं बार्षिक साधारण सभाका निर्णयहरुः**

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

- सभापतिज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ. ब. २०८१/०८२ को संचालक समितिको समग्र बार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०८१/०८२ को वासलात २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

- लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को वासलात, २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगाएत संलग्न अनुसूचीहरु सहित स्वीकृत गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८२/०८३ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

- आ.व. २०८२/०८३ को लागि वाह्य लेखापरिक्षकको नियुक्तिका बिषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ मा रहेको प्रावधान बमोजिम संस्थाको लेखापरिक्षक समितिको सिफारिस अनुसार संचालक समितिको मिति २०८२/०९/०७ को बैठक नं. ४०८ बाट सिफारिस भई आए बमोजिम आ.व. २०८२/०८३ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एम. आर. यु. एसोसिएट्स चार्टड एकाउन्टेन्ट्स (एफसिए श्री रमन उप्रेती) लाई देहाय बमोजिमका कार्यहरु गर्ने गरी कर बाहेक बार्षिक रु.३,००,०००।०० (अक्षरुपी तीन लाख मात्र) पारिश्रमिक प्रदान गर्नेगरी संस्थाको वाह्य लेखापरिक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

क) Statutory Audit

ख) Long Form Audit Report

ग) Tax Audit

घ) Certification Under Section 78 of Company Act 2063

ङ) Certification of Corporate Governance Annual Report

(ख) विशेष प्रस्तावहरु:

१. संस्थाको नियमावली शंसोधन स्वीकृत गर्ने ।

- संस्थाको संचालकहरुको बैठक भत्ता समय सापेक्ष वृद्धि गर्न आवश्यक देखिएकोले यस वित्तीय संस्थाको नियमावलीको नियम २९ को उपनियम १ (ख) र १ (घ) मा संशोधनको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा देहाय बमोजिम हुनेगरी संशोधनको प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

क्र. सं.	हालको व्यवस्था	प्रस्तावित संशोधन	संशोधन गर्नुपर्ने कारण
१.	नियम २९ संचालकको पारिश्रमिक भत्ता र सुविधा सम्बन्धी व्यवस्था १(ख) समितिको बैठकमा उपस्थित भए वापत संचालक समितिको अध्यक्षले रु.६,०००।०० र अन्य संचालकलाई रु.५,०००।०० बैठक भत्ता प्रदान गरिने छ । १(घ) संचालक समितिको अध्यक्षलाई पत्रपत्रिका इन्टरनेट वापत मासिक रु.३०००।०० र टेलिफोन सुविधा वापत रु.२,०००।०० एवं संचालक समितिका सदस्यलाई पत्रपत्रिका इन्टरनेट र टेलिफोन सुविधा वापत मासिक रु.३,०००।०० उपलब्ध गराईने छ ।	नियम २९ संचालकको पारिश्रमिक भत्ता र सुविधा सम्बन्धी व्यवस्था १(ख) समितिको बैठकमा उपस्थित भए वापत संचालक समितिको अध्यक्षले रु.११,०००।०० र अन्य संचालकलाई रु.९,०००।०० बैठक भत्ता प्रदान गरिने छ । १(घ) संचालक समितिको अध्यक्षलाई पत्रपत्रिका इन्टरनेट वापत मासिक रु.५,०००।०० र टेलिफोन सुविधा वापत रु.३,०००।०० एवं संचालक समितिका सदस्यलाई पत्रपत्रिका इन्टरनेट र टेलिफोन सुविधा वापत मासिक रु.५,०००।०० उपलब्ध गराईने छ ।	समयानुकुल संचालक हरुको सुविधा बढाउन आवश्यक भएकोले ।

२. संस्थाको नियमावली शंसोधन गर्न अनुमती लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगाएत आवश्यक शंसोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

- उल्लेखित विशेष प्रस्ताव नियमनकारी निकायमा संशोधन स्वीकृतीका लागि पेश गर्दाका वखतमा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप नियमनकारी निकायको निर्देशन वा प्रचलित कानूनको अधिनमा रही यस वित्तीय संस्थाको नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्न अध्यक्षज्यूले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा प्रचलित कानूनको अधिनमा रही प्रस्ताव बमोजिमको आवश्यक संशोधन वा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्वन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्वन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धी विशेष प्रस्ताव पारित गर्ने ।

- नेपाल फाईनान्स लिमिटेडले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्थासंग गाभ्ने/गाभिने तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाइ प्राप्ति गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल- अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit–DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्वन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(ग) विविध: केही नरहेको ।

विविध अर्न्तगत छलफल गर्नुपर्ने अन्य विषय नभएकोले वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनुपर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभा समक्ष जानकारी गराईयो ।

१७. **<u>धन्यवाद ज्ञापन</u>**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझाव सहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न

गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, पत्रकार, संस्थालाई सधैं सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत अन्य नियमनकरी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दै संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारीवर्गलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१८. <u>सभा विसर्जन</u>

सभा सफलतापूर्वक सम्पन्न भएको र छलफलको लागि कुनै विषय बाँकी नरहेको हुँदा अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले उपस्थित शेयरधनीहरु लगाएत सम्पूर्ण महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै बिहान १०:२५ बजे आज्ञानुसार सभा विसर्जन भएको जानकारी गराउनुभयो ।

....	Nepal Finance Limited, NEFINSCO Corporate Office Kathmandu	....
बिष्णु प्रसाद गौतम		प्रा.श्री हिरेन्द्रमान प्रधान
कम्पनी सचिव		अध्यक्ष